# नयाँ घर र भाइरस

**–बालकृष्ण थपलिया**

बर्षौ देखिको
सुन्दर र सम्बृद्ध घर बनाउने रहर
पुर्खाहरुको विरासत थोरै जमिनमा
अमिन लगाएर
दह्रो घर बनाउने सल्लाह भएको हो पटक पटक

आमा भन्नुहुन्छ
यो घरमा सबै अट्नुपर्छ
कोही कोठामा कोही चोटामा
कोही मझेरीमा त कोही बार्दलीमा
जो जहाँ बसे पनि
भान्सा एउटै हुनुपर्छ
पाकेको परिकार धेर थोर सबैले पाउनुपर्छ

भाइहरु मिठो अभिलाषामा छुट्टिने कुरा गर्दैछन्
थोत्रो र पुरानो घरलाई नयाँ बनाउने भन्दैछन्
एकथरि भन्छन् घर पुरै भत्काउनुपर्छ
र नयाँ शिराबाट नयाँ सुर हाल्नुपर्छ
कोही थप्छन् जमिन यही हो
जग यही हो
गाह्रो उठाएहुन्छ
दुई चार ओटा झ्याल ढोका कोठा थपेहुन्छ
घर के बिग्रेको छ र ?
टालटुल गरेहुन्छ
रङ् रोगन गरेहुन्छ
धमिरा लागेको थाम फेर्नुपर्छ
मक्किन लागेको दलिन फेर्नुपर्छ

यस्तै यस्तै कोलाहल वीच बिते वर्षौ वर्षहरू
इतिहासको कठाघरमा
दोबाटोमा उभिएका छौ यतिखेर हामीहरू
नयाँ घर बनाउने नयाँ सङ्कल्पका साथ

आमा भन्नु हुन्छ मोहडा पुर्व फर्काऊ
दाइ भन्नु हुन्छ मोहडा दक्षिण फर्काऊ
कान्छो भन्छ उत्तर फर्काऊ
माइलोहरू भन्छन् मोहडा जता फर्काए पनि फर्काऊ
घर बनाऊ

हामीहरु घर बनाउने सल्लाह गरी रहँदा
छिमेकीहरु पनि चासो राख्छन्
हाम्रो सुन्दर घर बनाउन र
देखाउँछन् थरि थरिका नक्साहरू
कोही दक्षिणका
कोही उत्तरका
कोही समुद्र वारिका , कोही पारिका

मलाई डर लागिरहेछ
घरको सुन्दर नक्सासँगै
भित्रिन्छन् कि नयाँ नयाँ भाइरसहरू र
बिर्गान्छ कि हाम्रा सन्ततिहरूलाई
भताभुङ्ग पारि दिन्छन् कि हाम्रा सपनाहरूलाई
हाम्रो सुन्दर शान्त सम्वृद्ध कल्पनाको घरलाई

# # # # # #

कवि : बालकृष्ण थपलिया

सल्यानटार १ धादिङ्ग, हाल चितवन

जन्म : २०३१ आषाढ ४ मङ्गलवार

शिक्षा : स्नातकोत्तर नेपाली
लेखन : धारा एक सय सत्ताईस (कविता र गजल सङ्ग्रह )
सम्पादन : ,गजलपथका यात्रीहरू , कवितामा चितवन , वागीश्वरी , रामेश्वर स्मारिका लगायत
सम्लग्नता : रमोश्वर पुस्तकालय तथा वाचनालाय , चितवन साहित्य परिषद् , गजल मञ्च लगायत

सम्पर्क सुत्र :
इमेल balkthapaliya@yahoo.com
मोवाइल : ९८४५० ५११२७